# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास,धनकुटा
२०७३
१ नं.प्रदेश नेपाल

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति:२०७८/०९/०१)**

प्रस्तुत बिषयमा यस पाख्रीबास नगरपालिकामा सब-इन्जिनियर र असिष्टेण्ट सब-इन्जिनियर पदहरु करार सेवामा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | श्रेणी/तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ८- २०७८/७९ | सब-इन्जिनियर, इञ्जिनियरिङ, सिभिल | स्थानीय सेवाको पाँचौ तह सरह | २ |
| २ | ९- २०७८/७९ | असिष्टेण्ट सब-इन्जिनियर, इञ्जिनियरिङ, सिभिल | स्थानीय सेवाको चौथो तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता :-**

(क) **सब-इञ्जिनियर, तह ५, इञ्जिनियरिङ्ग, सिभिल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण

(ख) **असिष्टेण्ट सब-इञ्जिनियर, तह ४, इञ्जिनियरिङ्ग, सिभिल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. कोर्ष उत्तीर्ण ।

(ग) **उमेर :** कम्तीमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**२. दरखास्तदिने स्थान :** पाख्रीबास नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास, धनकुटा ।

३. दरखास्त दिने अन्तिम मिति : २०७८/०९/१५ सम्म सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन ।

**४. आवेदनको दस्तुर :** सब-इन्जिनियर पदका लागि रु.४००।- र असिष्टेण्ट सब-इन्जिनियर पदको लागि रु.३००।-

**५. छनोटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन ,लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- ४ प्रति पासपोर्ट आकारको फोटो

**७. पदमा रही गर्नुपर्ने कामको विवरण:** नगरपालिकाको कानून बमोजिम ।

**८. तलब तथा सेवा सुविधा :** नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

**नोटः** ग्रेडिङ्ग प्रणाली लागू भए पश्चात् प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई र माध्यमिक शिक्षा परीक्षा (S.L.C.E.) उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र C.G.P.A. 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ ।

आवेदनको ढाँचा लगायत अन्य जानकारीका लागि पाख्रीबास नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

......................

**(डिकवहादुर राई)**
**प्रमुख प्रशासकीय अधिकृत**